जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २७८ पृष्ठः ४ | २०८२ फाल्गुन १७ आइतबार (Sunday 01 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा प्रशासनको आग्रह : होली घरमै मनाउनु



सिरहा, १६ फाल्गुन। जिल्ला प्रशासन कार्यालय सिरहाले यस वर्षको होली पर्व घरमै शान्तिपूर्वक मनाउन सर्वसाधारणसँग अनुरोध गरेको छ। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनकै मुखमा होली पर्व परेकाले मौन अवधिको मर्यादा कायम राख्दै पर्व मनाउन आग्रह गरेका हुन्। उनका अनुसार निर्वाचनको मौन अवधिमा होहल्ला, भीडभाड तथा अनावश्यक सवारी साधन सञ्चालन नगरी घरपरिवारमै सीमित रही होली मनाउनुपर्नेछ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सबै नागरिकको साथ आवश्यक रहेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए। प्रशासनले विशेषगरी मादक पदार्थ सेवन ( मापासे), लागुऔषध सेवन (लापासे) गरी सवारी चलाएमा कडा कारबाही गरिने चेतावनी दिएको छ। त्यस्ता सवारी साधन नियन्त्रणमा लिई निर्वाचनको मत परिणाम सार्वजनिक नभएसम्म फिर्ता नदिइने प्रशासनले जनाएको छ। निर्वाचन सुरक्षालाई ध्यानमा राख्दै सिरहामा व्यापक सुरक्षाकर्मी परिचालन गरिएको छ। प्रमुख जिल्ला अधिकारी पौडेलका अनुसार जिल्लाभर१४ सय नेपाल प्रहरी, ८ सय सशस्त्र प्रहरी बल, ८ सय नेपाली सेना र ३ हजार ७५७ निर्वाचन प्रहरी गरी कुल ६ हजार ७५७ सुरक्षाकर्मी खटाइएको छाप्रत्येक चौक–चौकमा सुरक्षाकर्मी परिचालन गरिनुका साथै मोबाइल टोलीसमेत सञ्चालन गरिने उनले जानकारी दिए।

## निर्वाचन सुरक्षा : सिरहाका सडक चेकजाँचमा कडाइ



**सुरेश राय**

सिरहा, १५ फाल्गुन। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सिरहामा सुरक्षा सतर्कता उच्च पारिएको छ। जिल्लाभर सडक चेकजाँचमा कडाइ गर्नुका साथै संवेदनशील क्षेत्रहरूमा सुरक्षाकर्मी व्यापक रूपमा परिचालन गरिएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र निर्वाचन सुरक्षाकर्मी संयुक्त रूपमा सडक निगरानी तथा चेकजाँचमा खटिएका छन्।

जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला

**–बाँकी अन्तिम पेजमा**

## जनकपुर–जयनगर रेल सेवा तीन दिन बन्द हुने

काठमाडौं, १६ फाल्गुन। नेपाल रेल्वे कम्पनी लिमिटेडले प्रतिनिधिसभा सदस्य चुनावलाई लक्षित गर्दै जनकपुर–जयनगर खण्डमा सञ्चालन हुँदै आएको रेल सेवा तीन दिन पूर्ण रूपमा बन्द रहने जनाएको छ। कम्पनीको केन्द्रीय कार्यालयले निकालेको सूचनाअनुसार यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य चुनावमा शान्तिसुरक्षा प्रत्याभूति गराउने उद्देश्यले १९ गते मंगलबारदेखि २१ गते बिहीबारसम्म तीन दिन भङगाहा–जनकपुर–जयनगर खण्डमा सञ्चालित रेल सेवा बन्द रहनेछ। फागुन २२ गते शुक्रबारदेखि साविक बमोजिम

**–बाँकी अन्तिम पेजमा**

## नगद र चाँदीसहित पक्राउ प्रकरण : सशस्त्र प्रहरीले जबर्जस्ती गरेको आफन्तको आरोप

**मणिलाल विश्वकर्मा**

लहान, १६ फाल्गुन। सिरहाको सुखीपुर नगरपालिका ८ स्थित चेक प्वाइन्टबाट नगद र चाँदी ल्याएको प्रमाण हुँदाहुँदै भारतीय युवकलाई सशस्त्र प्रहरीले स्रोत नखुलेको भन्दै जबर्जस्ती पक्राउ गरी फसाउन खोजेको स्थानीय आफन्तले आरोप लगाएका छन्।



भारत बिहार राज्यको लदनिया थानाअन्तर्गत पर्ने पर्साही सिदपा गाउँका करिब २९ वर्षीय मनोजकुमार साहलाई ९ फागुनको दिउँसो ३ बजेतिर सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प सुखीपुरबाट खटिएका सशस्त्र प्रहरी र निर्वाचन प्रहरीले जबर्जस्ती पक्राउ गरिएको

**–बाँकी अन्तिम पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## पाठेघरको मुखको क्यान्सरका लक्षण

- अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राप हुनु।
- योनिबाट बढि मात्रामा सेतो पानी बग्नु।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु।
- शारीरिक सम्बन्धपछि रगत बग्नु।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु।
- पिसाब गर्दा दुख्नु वा रगत देखिनु।
- शरीर कमजोर हुनु।

**यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## चुनावी भाषणमा ध्वनित अधिनायकवादी मानसिकता

यही फागुन २१ गते मतदान भएपछि प्रतिनिधि सभाको निर्वाचन सकिनेछ। लगभग एक साताभित्र त मतगणना पनि भइसक्ला। निर्वाचन परिणामअनुसार नयाँ सरकार गठन प्रक्रिया आरम्भ हुनेछ। नेपाली नागरिकले त्यसपछि अहिलेको अन्योल र उद्वेग समाप्त हुने अपेक्षा गरेका छन्। निर्वाचनमा प्रतिस्पर्धा गरिरहेका उमेदवार र तिनले प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूको अभिव्यक्ति सुन्दा भने चुनावपछि झन् अन्योल र अराजकता बढ्ने पो हो कि भन्ने सन्देह लाग्छ। देशमा शान्ति र स्थिरता बढाउन मद्दत पुग्ने भाषण चुनावी सभाहरूमा बिरलै सुनिन्छ।

लाग्छ चुनावी भाषण गरेर हिँड्ने नेताहरूलाई कार्यकर्तालाई उत्साह र उत्तेजनाको भेद थाहा छैन। हुनत, तिनले थाहा पाएरै कार्यकर्तालाई उत्तेजित बनाउन आफ्नो ऊर्जा खर्चेको हुन पनि सक्छ। तर, पहिलेका निर्वाचनभन्दा पनि यसपटक उत्तेजना बढाउने उत्ताउलो प्रदर्शन बढी नै भएको छ। चुनावपछि सामान्य अवस्थामा अहिले निर्वाचनमा सहभागी दलका नेताहरूले नै राज्य सञ्चालन गर्ने हो। उनीहरूको बोली सुन्दा र भावभंगीमा हेर्दा भने देशले सही दिशा र गति लिनेमा ढुक्क हुनसकिने देखिँदैन। अधिकांश नेताहरू कटुता, घृणा र विद्वेषको खेती जो गरिरहेका छन्।

विख्यात विचारक नोम चोम्स्कीका अनुसार व्यक्तिले प्रयोग गर्ने शब्दहरू सञ्चारको माध्यममात्र नभएर उसको मस्तिष्कको संरचनाको अभिव्यक्ति पनि हो। अर्थात्, शब्द चयन, वाक्य संरचना, तर्क शैली सबैमा व्यक्तिको मानसिकता झल्किन्छ। नेपालका नेताहरूको भाषणलाई यसआधारमा केलाउँदा के देखिन्छ ? तिनको मानसिकतामा घृणा, द्वेष, निन्दा र धेरै हदसम्म जालझेल झल्किन्छ। उनीहरू राज्य कानुनअनुसार होइन आफ्नो चाहनाअनुरूप चलाउन चाहन्छन् भन्ने पनि तिनका भाषणबाट ध्वनित हुन्छ। कानुन, प्रक्रिया र पद्धति मिचेर मनपरी राज्य चलाउने मानसिकताले नै अधिनायकवाद जन्मिने हो।


लोकतन्त्रको लागि आठ दशकभन्दा बढी स र्ष गरेपछि अब नेपाली जनता अधिनायकवादलाई प्रश्रय दिन तयार होलान् त रु नहुनुपर्ने हो। लोकतन्त्र संस्कार बनिनसकेको भए पनि नेपाली नागरिक लोकतन्त्र मन त पराउँछन्। यसैले तिनले नेताहरूको मानसिकता पक्कै बुझ्न सक्छन्। यसैले घृणा, द्वेष र अहंकारको हुँकार गर्नेहरूलाई अस्वीकार गरेर लोकतान्त्रिक संस्कारको जग बसाल्न नेपाली जनता अग्रसर हुने विश्वास नगर्नुपर्ने कुनै कारण देखिँदैन। मतपत्रका माध्यमबाट पनि अधिनायकवादी मानसिकतालाई अस्वीकार गररेर नै लोकतन्त्रको जग बलियो बनाउन सकिन्छ।



मिथिलेश यादव

*समस्त माधुर्य लिएर साथमा*
*छरेर सौन्दर्य विशाल विश्वमा*
*वसन्त मेरो हितमा निमग्न भो*
*अहो ! छ कस्तो रस–रागयुक्त यो*

# वसन्त बहार



युगकवि सिद्धिचरण श्रेष्ठले वसन्त ऋतुको अनुपम वर्णन गर्दै रचेको कविताको अंश हो यो। ऋतुहरूमध्ये वसन्त सबैको प्रिय ऋतु हो। मार्च २१ अथवा २२ तारिखका दिन सूर्य उत्तरायणतर्फ लाग्छ र प्राविधिक दृष्टिले वसन्त ऋतुको थालनी त्यहींबाट हुन्छ। हाम्रो पञ्चांगमा मेला, चाड, पर्व आदि तिथिअनुसार पृथ्वी र चन्द्रमाको सापेक्षिक स्थितिले समेत निर्धारण गर्ने परिपाटी बसेको हुँदा माघको शुक्ल पञ्चमीको दिनलाई 'वसन्त पञ्चमी'को रूपमा मनाइन्छ। वसन्तले मधेसमा पहिलो कदम राख्छ। त्यहाँ फागुनको थालनीसँगै रुखबिरुवामा नयाँ पालुवा लाग्ने, कोपिलाहरूले वनबाटिकालाई मञ्जरीमय बनाउँदै जाने, माहुरीहरू फूलपरागको खोजीमा निस्कने र चराचुरुंगीले नववधूको चाहनामा मुक्तकण्ठले वन गुञ्जायमान बनाउने आदि क्रियाकलाप सुरु हुन्छन्। अग्ला–अग्ला सिमलका रुखभरि चराचुरुंगी र भमरा–माहुरीहरू बथान लाग्न थाल्छन्। सुगा, मैना, चिबे, जुरेलीका जोडीहरू रुखैभरि झुम्मिएका देखिन्छन्। वनमा आकर्षण थप्नमा पलाँसका वृक्षहरू पनि उत्तिकै सक्रिय हुन्छन्। जंगलको ज्वाला नामले प्रचलित यो वृक्ष चैतभित्र फुलिसक्छ। पलाँसको सम्पूर्ण वृक्षलाई सिन्दुरे रातो फूलको रङले पोतिसकेपछि नयाँ पालुवाहरू हरियालीमा रूपान्तरण हुन्छन्। प्रत्येक दिन रुखैभरि फूल फुल्छन् र प्रत्येक बिहान झर्छन्। मानौं, त्यहाँ दिनहुँ पुष्पवृष्टि हुन्छ।

वसन्त डाक्ने 'कुक्कु, कुक्कु'को कोइली बोलीले वन गुञ्जायमान हुन थालेपछि नै नयाँ वसन्तको वास्तविक आभास हुन्छ। त्यसपछि 'को हो, को हो' भन्ने भाकामा कोइली आइपुग्छ। वसन्त बहारको अन्त्यतिर आएर 'काफल पाक्यो, काफल पाक्यो' भन्ने कोइली छिप्पिएको वसन्तको मादमा मस्त भएपछि 'बिउ कुहियो, बिउ कुहियो' भनेर दैलोमै किसानलाई सम्झाउन आइपुग्छ। हेर्दाहेर्दै आँपका मञ्जरीहरूमा लटरम्म फल लागिसकेको हुन्छ।

*कलिला पालुवामाथि बिछ्याएर फूलै फूल,*
*वसन्त–श्री बसेकी छन् बनी सौन्दर्य–विह्वल।*

वसन्तको बेला मौरीहरू फूलको बिहे रचाउन व्यस्त हुन्छन्, एक फूलको पराग अर्को फूलमा सारिदिएर। भमरा, पुतली र पन्छीहरू पनि यिनकै सिको गर्छन्। सल्लाको बोटमा चाहिँ वसन्तको सिरसिरे बतासले पराग उडाएर सेचन कार्य गराइदिन्छ। यस्तै अनेकौं अरू बिरुवाको बिहे सम्पन्न हुन्छ, त्यो पनि हावाको भरमा। प्रकृतिप्रति प्रेम नहुँदो हो त यो पृथ्वी पनि निर्जीव पिण्ड बनेर अरू ग्रहसरह ब्रह्माण्डमा भौंतारिइरहेको हुन्थ्यो। प्रकृतिमा प्रेम नबसेको भए मानव जीवन पनि अनवरत चलिरहँदैनथ्यो। मानिसको कृतिभन्दा बेग्लै हो प्रकृति ! आजभोलि मानिसहरू स्वीकृतिमा भुल्न र प्रकृतिबाट टाढिन थालेका छन्। प्रकृतिको स्पर्शबाट टाढा बसेर प्रकृतिलाई प्रेम गर्न सकिँदैन। प्रकृतिलाई प्रेम गर्न जान्यौं र प्रकृतिसँग मोह बस्यो भने मात्र जीवनको आनन्द प्राप्त हुन्छ। प्रकृति अद्भुत ज्ञानको विश्वविद्यालय पनि हो। त्यसलाई पढ्न, बुझ्न र जान्न सक्नुपर्छ।

कुनै सुन्दर चिज देख्दा कसको मन मोहित हुँदैन र ! अझ पूरै प्रकृति नै सुन्दर देखियो भने त्यसको प्रभाव जीवनमा नपर्ने कुरै भएन। वसन्त ऋतुको आकर्षक पक्ष भनेकै पूरै प्रकृति आकर्षित देखिनु हो। यसबेला प्रकृतिले काँचुली फेर्छ। चिसो मौसम हटिसकेको हुन्छ। गर्मी मौसम सुरु भइसकेको पनि हुँदैन। मन नै लोभ्याउने गरी चारैतिर हरियाली छाउँछ। सबै बोटबिरुवाका पुराना पात झर्छन् र नयाँ पालुवा पलाउँछन्। फूलहरू फुल्छन्। अनि यस्तो दृश्यले सबैलाई लोभ्याउँछ। भनिन्छ, वसन्त मन लोभ्याउने ऋतु हो। यो प्रकृतिको यौवनावस्था पनि हो। यौवनावस्था कसलाई मन पर्दैन र !

आध्यात्मिक भाषामा वसन्त ऋतुमा पञ्चतत्त्व (पृथ्वी, वायु, जल, आकाश र अग्नि) ले आफ्नो प्रकोप छाडेर सुहाउँदो रूपमा प्रकट हुन्छन्। आकाश स्वच्छ हुन्छ। वायु सुहाउँदो हुन्छ। अग्नि (सूर्य) को ताप ठिक्कको हुन्छ। जल सुखदायक हुन्छ। वसन्तसँगै जोड्न सकिने एउटा पौराणिक कथा पनि छ। सृष्टिको सुरुवातको कुरा हो। भगवान् विष्णुको आज्ञा पाएर ब्रह्माले जीवहरू, खासगरी मनुष्ययोनिको रचना गरे। यति रचना गर्दा पनि उनी आफ्नो रचनादेखि सन्तुष्ट थिएनन्। आफ्नो रचनामा कुनै कमी भएजस्तो उनलाई लाग्थ्यो। हुन पनि त्यसबेला चारैतिर मौन व्याप्त थियो। कुनै आवाज थिएन।

यस्तो अवस्थामा विष्णुसँग अनुमति लिएर ब्रह्माले आफ्नो कमण्डलुबाट जल छर्किए। जलकण पर्नेबित्तिकै पृथ्वीमा कम्पन हुन थाल्यो। वृक्षहरूको बिचबाट एउटा अद्भुत प्रकट भयो। यो प्रकट एक चतुर्भुजी सुन्दर स्त्रीको थियो, जसको एउटा हातमा वीणा तथा अर्को हात वरमुद्रामा थियो। अन्य दुई हातमा पुस्तक र माला थिए। ब्रह्माले देवीसँग वीणा बजाउन अनुरोध गरे। देवीले वीणाको मधुरनाद सुरु गर्नेबित्तिकै संसारका सबै जीवजन्तुलाई वाणी प्राप्त भयो। जलधारामा कोलाहल व्याप्त भयो। हावा चल्नाले सरसराहट हुन थाल्यो। तब ब्रह्माले ती देवीलाई वाणीकी देवी सरस्वती भने।

पछि तिनै सरस्वतीले जब श्रीकृष्णलाई देखिन्, उनको रूपमा मोहित भइन् र पतिका रूपमा पाउने इच्छा गर्न थालिन्। श्रीकृष्णले यो कुरा थाहा पाए र आफू राधाप्रति समर्पित भएको बताए। सरस्वतीलाई प्रसन्न गर्नका लागि उनले वरदान दिए– 'प्रत्येक विद्याको इच्छा राख्ने व्यक्तिले माघको शुक्ल पञ्चमीमा तिम्रो पूजा गर्नेछ।' यसै दिनदेखि वसन्त सुरु भएको मानिन्छ।

ज्योतिष शास्त्रअनुसार यस ऋतुमा वातावरण सुहाउँदिलो हुन्छ। यस ऋतुमा जन्मेका व्यक्तिहरू निकै सुन्दर हुन्छन्। उनीहरू बुद्धिमान हुनुका साथै गणितमा पनि प्रवीण हुन्छन्। अनेक शास्त्र जान्ने स्वभावका हुन्छन्। संगीतशास्त्रमा उनीहरूको निकै रुचि हुन्छ र त्यसमा निपुण हुन्छन्। उनीहरू सुन्दर लुगा लगाउन मन पराउँछन्। सधैं हँसमुख र प्रसन्न रहने स्वभावका हुन्छन्।

रामायणमा उल्लिखित एउटा घटनाअनुसार श्रीरामले वसन्तकै पहिलो दिन शबरीलाई भेटेका थिए। कथाअनुसार रावणद्वारा सीता हरण भइसकेपछि श्रीराम उनको खोजीमा दक्षिणतर्फ बढे। उनी विभिन्न स्थानमा गए, तीमध्ये दण्डकारण्य पनि थियो। त्यहीं शबरी नाम गरेकी महिला बस्थिन्। राम उनको कुटीमा पुगे। शबरीले रामलाई देखेपछि प्रेमवश आफ्नो होसहवास गुमाइन् र मिठा बयर आफूले चाख्दै रामलाई खुवाउन थालिन्। प्रेमले भरिएको यस घटनालाई रामकथाको गायन गर्ने सबैले आआफ्ना ढंगले प्रस्तुत गरेका छन्। दण्डकारण्यको त्यो क्षेत्र हाल भारतको मध्य प्रदेशमा फैलिएको वन भएको मानिन्छ। त्यहीं शबरीको आश्रम थियो।

राग, रङ र उत्सव मनाउनका लागि यो ऋतु सर्वश्रेष्ठ मानिएको छ। होली पर्व वसन्त ऋतुमा मनाइन्छ। कालिका पुराणमा वसन्तको व्यक्तीकरण गर्दै यसलाई अति आकर्षक, सन्तुलित शरीर भएको, अनेक फूलहरूले सजिएको, मात्तिएको हात्तीजस्तो चाल भएको आदि गुणहरूले भरिपूर्ण भनेर बताइएको छ।

# जाली नोटको कारोबार बढ्न सक्ने

महोत्तरी, १६ फाल्गुन। प्रतिनिधि सभाको आसन्न निर्वाचनका बेला नक्कली (जाली) नोटको कारोबार बढ्ने जोखिम उच्च छ। खास गरी भारतसँग सीमा जोडिएका तराई मधेशका क्षेत्रमा त्यस्तो जोखिम उच्च रहने गर्छ। सोही सम्भावनालाई ख्यालमा राख्दै जाली नोटको कारोबार न्यूनीकरण गर्न नेपाल राष्ट्र बैंक जनकपुरले जलेश्वरमा सचेतना कार्यक्रम गरेको छ। राष्ट्र बैंकका अनुसार निर्वाचन नजिकिँदै जाँदा बजारमा ठुलो परिमाणमा नगद चलनचल्ती हुने, गाउँ गाउँसम्म रकम ओसारपसार बढ्ने तथा अस्थायी रूपमा खुल्ने शिविर र प्रचारप्रसारका कार्यक्रममा नगद प्रयोग अधिक हुने भएकाले जाली नोट प्रचलनमा आउने सम्भावना रहन्छ।

नेपाल राष्ट्र बैंक जनकपुरका निर्देशक डिलाराम सुवेदीले निर्वाचनमा जाली नोटको प्रयोग हुन सक्ने जोखिमलाई लक्षित गर्दै जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको बताउँदै यस्तो कार्यक्रम देशव्यापी गरिने जानकारी दिनुभयो। निर्वाचनका समयमा नगद कारोबार उल्लेख्य रूपमा बढ्ने भएकाले सर्वसाधारण, व्यापारी तथा वित्तीय संस्थाहरूलाई जाली नोटबाट जोगाउन विशेष अभियान सञ्चालन गरिएको निर्देशक सुवेदीले बताउनुभयो।

बिहीबार आयोजित कार्यक्रममा शिक्षक श्यामसुन्दर ठाकुरले काम विशेषले बैंकबाट रकम झिक्दा सोबाट केही थान जाली नोट फेला परेको र पछि आफूले बैंकबाट नोट साटेको बताउनुभयो। बैंकबाट रकम झिक्दा आफूले पनि जाली नोट चिन्न नसकेको तर जनकपुरस्थित राष्ट्र बैंकमा जाँदा कर्मचारीले एउटा नोट नक्कली रहेको र सोबारे सोधपुछ गर्दै जाँदा आफूलाई समेत नक्कली नोटबारे जानकारी भएको शिक्षक ठाकुरले जानकारी गराउनुभयो। नेपाल राष्ट्र बैंक जनकपुरका कर्मचारीले विद्यार्थी, सुरक्षा निकायका प्रतिनिधि, उद्योगी व्यापारी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिलगायत स्थानीयको सहभगितामा जाली नोट पहिचान गर्ने, जाली नोट फेला परिहाले भने के गर्ने तथा जाली नोटको कारोबार गर्नेलाई कानुनी दण्ड सजायबारे सचेतना गराएका थिए।

बैंकका निर्देशक सुवेदीले रकमको कारोबार गर्नेले जाली नोटबारे जानकारी राख्ने हो भने प्रवेशद्वारमै नक्कली नोट रोक्न सकिने र यसले अनुसन्धान तथा नक्कली नोटको दुरुत्साहन रोक्न सकिने भएकाले जनचेतनामूलक कार्यक्रम गरिएको बताउनुभयो। सो कार्यक्रममा प्रतिनिधि सभा निर्वाचन, २०८२ मा उम्मेदवारी दिनुभएका केही उम्मेदवारको समेत उपस्थिति रहेको थियो।कार्यक्रममा बैंकका उपनिर्देशक अमिष ढुङ्गेल, सहायक निर्देशक गङ्गेशकुमार झाले नक्कली र सक्कली नोटबारे जानकारी गराउनुभएको थियो।

# कुनै दलसँग गठबन्धन नगरेको एमालेको स्पष्टोक्ति

काठमाडौँ, १६ फाल्गुन। नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले प्रतिनिधिसभा सदस्य निर्वाचनमा कुनै राजनीतिक दलसँग गठबन्धन नगरेको स्पष्ट गरेको छ। एमालेका केन्द्रीय निर्वाचन प्रचार संयोजक मीनबहादुर शाहीले यहाँ पत्रकारहरूसँग कुरा उक्त जानकारी दिनुभएको हो। आफ्नो पार्टी देश बनाउने सङ्कल्पका साथ चुनावी अभियानमा होमिएको बताउनुभयो। नेकपा एमालेका बारेमा स्वदेशी तथा विदेशी सञ्चारमाध्यममा आएका कतिपय विषय भ्रामक भएका बताउँदै संयोजक शाहीले निष्पक्ष सामग्री प्रस्तुत नभएका टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो, "नेकपा एमाले सम्पादकीय स्वतन्त्रताको सम्मान गर्छ।"

# मधेसमा मत्थर हुँदै लहर, लहरलाई मतमा बदल्न सकस

**मिथिलेश यादव**

लहान, १६ फाल्गुन। मधेस प्रदेशका आठ जिल्लामा प्रतिनिधिसभा सदस्यका लागि ३२ वटा निर्वाचन क्षेत्र छन्। ३२ सिटमा एक हजार ५४ जना प्रतिस्पर्धामा छन्। प्रतिस्पर्धीमा धनुषामा सबैभन्दा बढी १५४ जना र सबैभन्दा कम १०४ जना छन्। मधेस प्रदेशमा २०६१/६२ को आन्दोलनयता मधेस केन्द्रित दलको प्रभाव क्षेत्रका रूपमा रहँदै आएको छ। फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मधेसमा मधेसकेन्द्रित दलको प्रभाव घटाउन र आफ्नो बर्चस्व बढाउन नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लगायत दलले कडा मेहनत गरिरहेका छन्।

यसकारण यहाँको निर्वाचनलाई चासोपूर्वक हेरिएको छ। मधेसमा पार्टीको प्रभाव बढाउन नेपाली कांग्रेसका सभापति गगनकुमार थापा काठमाडौं–४ छाडेर सर्लाही–४ बाट उम्मेदवार बनेका छन्। उनलाई कांग्रेसले भावी प्रधानमन्त्रीका रुपमा अघि सारेको छ। त्यस्तै विगतमा पहाडी क्षेत्रबाट निर्वाचन लडेका नेकपाका नेता नारायणकाजी श्रेष्ठ पनि सर्लाही–३ बाट उम्मेदवार बनेका छन्।

**प्रतिस्पर्धामा को–को छन् ?**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव यस पटक सप्तरी–३ बाट उम्मेदवार छन्। २०७९ को चुनावमा सप्तरी–२ बाट पराजित यादव उपनिर्वाचनमा बारा–२ बाट निर्वाचित भएर संसद् छिरेका थिए। २०७९ मा यादवलाई पराजित गरेका जनमत पार्टीका अध्यक्ष सिके राउत भने अहिले पनि सप्तरी–२ बाटै प्रतिस्पर्धामा छन्। रोचक के छ भने राउतले नै आफ्नो जोडबलमा पार्टीबाट मधेश प्रदेश सरकारको मुख्यमन्त्री बनाएका सतीश सिंह जनमत पार्टी छाडेर स्वाभिमान पार्टीबाट सप्तरी–२ बाटै उम्मेदवार बनेका छन्। अघिल्लो पटक सप्तरी–२ (१) बाट प्रदेशसभा सदस्यमा निवार्चित सिंह राउतसँग प्रतिस्पर्धा गर्न सांसद पदबाट राजीनामा गरेर निर्वाचनमा होमिएका हुन्।

त्यस्तै यसअघि सिरहा–२ बाट निर्वाचित जसपा नेपालका उपाध्यक्ष तथा पूर्वमन्त्री राजकिशोर यादव अहिले आफ्नो पुरानै क्षेत्र सिरहा–४ मा फर्किएका छन्। जेन–जी आन्दोलनपछि बनेको सरकारमा युवा तथा खेलकुद मन्त्री बनेका बब्लु गुप्ता पदबाट राजीनामा दिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट सिरहा–१ मा उम्मेदवार बनेका छन्। एमालेबाट उपमहासचिव रघुवीर महासेठ धनुषा–४ मा र उनकी पत्नी जुलीकुमारी महतो पनि सोही पार्टीबाट धनुषा–३ मा उम्मेदवार छन्। धनुषा–३ बाटै नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधि र रास्वपाका प्रवक्ता मनीष झा पनि प्रतिस्पर्धामा छन्।

नेकपाका नेता मातृकाप्रसाद यादव धनुषा–१ बाट प्रतिस्पर्धामा उत्रिएका छन्। यादव २०७९ को निर्वाचन सोही क्षेत्रबाट उम्मेदवार थिए। उनी जसपा नेपालका दीपक कार्कीसँग पराजित भएका थिए। जसपा नेपालका नेता एवं पूर्वमन्त्री शरतसिंह भण्डरी महोत्तरी–२ र नेकपाका नेता एवं पूर्वमन्त्री गिरिराजमणि पोखरेल महोत्तरी–१ बाट उम्मेदवार छन्। राष्ट्रिय मुक्ति पार्टी (रामुपा) नेपालका अध्यक्ष राजेन्द्र महतो र नेकपाका नेता महेन्द्र राय यादव सर्लाही–२ बाट प्रतिस्पर्धामा उत्रिएका छन्। नेकपाका शीर्ष तहका नेता नारायणकाजी श्रेष्ठ सर्लाही–३ बाट उम्मेदवार बनेका छन्।

मधेस प्रदेशको अर्को चर्चित क्षेत्र हो सर्लाही–४। कांग्रेसले भावी प्रधानमन्त्री प्रस्ताव गरेका सभापति सभापति गगनकुमार थापा सर्लाही–४ बाट प्रतिस्पर्धामा उत्रिएका छन्। सोही क्षेत्रमा रास्वपाबाट कांग्रेसका पूर्वनेता एवं सांसद अमरेशकुमार सिंह उम्मेदवार छन्। यो क्षेत्रबाट अघिल्लो पटक यिनै सिंह स्वतन्त्रबाट निर्वाचित भएका थिए। रौतहट–१ पनि चर्चामा छ। यो क्षेत्रबाट नेकपाका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल उम्मेदवार छन्। रौतहट–३ मा आम जनता पार्टी ( आजपा) का अध्यक्ष प्रभु साह र रौतहट–४ मा सोही दलबाट सञ्चारकर्मी ऋषि धमला उम्मेदवार छन्। रौतहट–४ मा कांग्रेसबाट देवप्रसाद तिमिल्सिना उम्मेदवार छन्। उनी यसअघि दुई पटक निर्वाचित भइसकेका छन्।

कांग्रेस सहमहामन्त्री फरमुल्लाह मन्सुर बारा–३ बाट उम्मेदवार छन्। जसपा नेपालबाट पर्सा–१ मा चुनाव जित्दै आएका प्रदीप यादव यस पटक पार्टी फेरेर एमालेबाट उम्मेदवार बनेका छन्। पर्सा–२ मा कांग्रेसले पूर्वमन्त्री अजय चौरसियालाई दोहोऱ्याएको छ। राजनीतिमा स्थापित, चर्चित र नयाँ उम्मेदवारका कारण मधेस प्रदेशको चुनावलाई रोमाञ्चक बनेको छ। मधेसका जिल्ला र क्षेत्रमा अहिले निर्वाचन लक्षित चुनावी चहलपहल तीव्र छ। मतदातालाई पक्षमा पार्न नयाँ–पुराना दलका र स्वतन्त्र उम्मेदवारले घरदैलो, सभा–सम्मेलन र रणनीतिक भेटघाटलाई गति दिएका छन्। सडकदेखि सामाजिक सञ्जालसम्म चुनावी रौनक छ।

मुलुकका अन्य भागमा जस्तै मधेसमा पनि नयाँ–पुराना दल र उम्मेदवारको विषयमा चिया पसल, चौतारादेखि बस्तीबस्तीसम्म बहस छ। पुराना दलले भ्रष्टाचार, कुशासन, गुटबन्दी जस्ता विकृतिलाई प्रश्रय दिएको आरोप लगाउँदै नयाँ दल मतदातासामु प्रस्तुत भएका छन्। सुरुवातमा नयाँको पक्षमा देखिएको चुनावी लहर विस्तारै मत्थर हुँदै गएको छ। पुराना र परम्परागत दलका उम्मेदवार टोलटोलमा पुग्न थालेपछि नयाँप्रति देखिएको लहर मत्थर हुँदै गएको छ। पुराना दलहरुले आफ्ना संगठनको मत कस्न थालेका छन्। नयाँ शक्तिलाई आफ्नो पक्षमा देखिएको लहरलाई मतमा बदल्न सकस परिरहेको छ। अल्गोरिदमका कारण देखिएको लहरको प्रभाव सहरी क्षेत्रमा केही रहे पनि गाउँमा मत्थर हुँदै गएको छ। राजनीतिक विश्लेषक चन्द्रकिशोरका अनुसार नयाँ दलका पक्षमा देखिएको चुनावी ज्वरोको तापक्रम अहिले घट्दै गएको छ। सामाजिक सञ्चालको चर्चाभन्दा पनि संगठन, उम्मेदवारको सार्वजनिक छवि, व्यक्तिगत लगाव र स्थानीय मुद्दा मतको आधार बन्ने देखिन्छ। 'विस्तारै परिवेश सफा हुँदै गएको छ। चुनाव प्रचारप्रसार सुरुमा देखिएका दृश्य मत खस्नेबेलासम्म उस्तै रहँदैनन्, फरक दृश्य हुन्छ,' उनले भने।

चुनाव केवल भोट दिने मेसो मात्र नभई समाजमा विद्यमान वर्गीय विभाजनलाई उजागर गर्ने माध्यम पनि हो। धनी–गरिब, सहर–गाउँ, शिक्षित–अशिक्षित वर्गबिचको शक्ति असमानता मतदाताको मतमार्फत प्रकट हुन्छ। आर्थिक स्रोत भएकाले प्रचार, सञ्जाल र प्रभाव प्रयोग गरेर निर्वाचनमा तुलनात्मक रूपमा बढी प्रभाव जमाउँछन्। चुनाव समाजको आत्मकथा पनि हो। यसमा आशा, डर, पहिचान, असमानता र परिवर्तनको आकांक्षा प्रतिविम्बित हुन्छ। मधेसको चुनावमा विशेषतः जाति, पहिचान (उम्मेदवारको सामाजिक पहिचान) र पैसा निर्णायक बन्छन्। धेरैजसो अवस्थामा मतदाताले नीति र अजेन्डाभन्दा पनि 'आफ्नो समूह ( जाति, धर्म)' को प्रतिनिधित्व गर्ने उम्मेदवारलाई रोज्छन्। पछिल्लो समय चुनावमा 'मुद्दा'भन्दा 'पहिचान' र 'पैसा' हाबी हुने गरेको छ।

मतदान व्यवहारमा स्थानीय संस्कृति, सामाजिक मान्यता र परम्परासँग जोडिएको हुन्छ। कतिपय समाजमा ज्येष्ठ नागरिक, धार्मिक अगुवा वा सामुदायिक नेताको भनाइले मतदानको निर्णय तय हुन्छ। मधेसी समाजमा व्यक्तिगत स्वतन्त्रताभन्दा सामूहिक सोचलाई प्राथमिकता दिइन्छ। यहाँ व्यक्तिको मतदान गर्ने निर्णय उसको सामाजिक पृष्ठभूमिसँग जोडिएको हुन्छ। यहाँको चुनावी नतिजामा जातीय, धार्मिक पहिचान र पैसाले ठुलो प्रभाव पार्छ।

निर्णायक मतदाताले आफ्नो समूहको प्रतिनिधित्व गर्ने उम्मेदवारलाई सुरक्षित महसुस गर्छन्। वर्ग, आर्थिक अवस्थाले राजनीतिक विचारधारा निर्धारण गर्छ। निम्न वर्ग र उच्च वर्गका चुनावी अजेन्डा फरक हुन्छन्। परिवारको राजनीतिक झुकाव र साथीभाइको संगतले पनि मतदाताको मतदान गर्ने मानसिकता निर्माण गर्छ। मधेसमा चुनावमा पैसा, पहुँच र बाहुबलको प्रयोगसमेत हुन्छ। यहाँको निर्णायक मत अर्थात् तरल मत पैसा, सामान वा व्यक्तिगत कामको आश्वासनका आधारमा साटिन्छ।

यस पटक निर्वाचनमा 'फिजिकल' भन्दा 'डिजिटल' माध्यमको प्रयोगबाट मतदाताको मन र मत प्रभावित गर्ने लोकप्रियतावाद हाबी भएको देखिन्छ। मतदाताको भावना र आक्रोशलाई सिधै सम्बोधन गरेर 'मास सेन्टिमेन्ट' आफ्नो पक्षमा पार्ने माध्यम सामाजिक सञ्जाल बनेको देखिन्छ। यस पटकको निर्वाचन केवल भोट खसाल्ने वा जनप्रतिनिधिको चुन्ने अवसर मात्र रहेन्। 'डिजिटल म्यानिपुलेसन' र 'इमेज व्यवस्थापन' को उदय पनि यही निर्वाचनबाट भएको छ। परम्परागत रूपमा 'आस्था' र 'त्याग' मा आधारित राजनीति यस पटकको निर्वाचनमा सामाजिक सञ्जालको 'अल्गोरिदम' र 'भाइरल' संस्कृतिको चेपुवामा परेको छ।

विगतका निर्वाचनमा पहिचान, राजनीतिक इतिहास र दर्शनका आधारमा उम्मेदवारको प्रचार हुन्थ्यो। यस पटक सामाजिक सञ्जालको अल्गोरिदमले उम्मेदवारहरुलाई 'प्रोडक्ट' (उत्पादन) र 'ब्रान्ड' का रूपमा प्रस्तुत गरिरहेको छ। उम्मेदवाररूको 'सिम्बोलिक इमेज' 'फेसबुक लाइभ', दृश्य प्रभाव र भाइरलको दौडले नीतिगत बहसलाई ओझेलमा पारेको छ। अहिले सामाजिक सञ्जालमा चल्ने ट्रेन्डले चुनावको मुख्य अजेन्डा के हुने भन्ने तय गर्छ। छोटा भिडियो, टिकटक, रिल्सले नीति, योजना, प्रतिफल प्राप्तिको प्रक्रियालगायत विषयलाई ओझेल पारिदिएको छ।

अल्गोरिदमको भ्रममा परेर उम्मेदवार छान्नेभन्दा उम्मेदवारको चरित्र र स्पष्ट अजेन्डालाई प्राथमिकतामा राख्ने राजनीतिले मात्र सामाजिक जागरण ल्याउन सक्ने राजनीतिज्ञ खुशिलाल मण्डल बताउँछन्।

# मतदाता रिझाउन सहिद शालिकमा पहिलोपटक माल्यार्पण !

**जीवछ यादव**

लहान, १६ फाल्गुन। लहान नगरपालिका–१ को मुख्य चोकमा रहेका मधेश आन्दोलनका सहिदहरूको शालिकमा माल्यार्पण गर्दै मतदाता रिझाउने प्रयास गरिएको चर्चा बढ्न थालेको छ। नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले सहिद शालिकमा माल्यार्पण गरेपछि यस्तो चर्चा चलेको हो। आसन्न प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा लहान आउने विभिन्न दलका शीर्ष नेताहरूले सहिद शालिकमा माल्यार्पण गरी मतदातासँग मत माग्ने क्रम यस पटक देखिएको छ। यसअघि जनता समाजवादी पार्टी र जनमत पार्टी बाहेकका दलका नेताहरूले मधेश आन्दोलनका प्रथम सहिद रमेश महतोसहित विजय सहनी, प्रमोद सदाय, बेचन यादव र मोहम्मद अनिस अन्सारीको शालिकमा माल्यार्पण गर्ने गरेका थिएनन्। माघ ५ गते मनाइने बलिदानी दिवसमा समेत उनीहरूको सहभागिता रहने गरेको थिएन।



प्रत्येक वर्ष माघ ५ गते मनाइने बलिदानी दिवसमा प्रायः मधेशवादी दलका रूपमा चिनिएका जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीका शीर्ष नेताहरूको आगमन भई माल्यार्पण गर्ने चलन रहेको भए पनि यस पटकको निर्वाचनमा गगन कुमार थापा, बालेन्ऽ शाह र रवि लामिछाने ले सहिद शालिकमा माल्यार्पण गरेपछि लहानमा चर्चा बढेको छ। स्थानीय नागरिक अगुवा रामविहारी साहले भन्नुभयो, "यतिका वर्षमा पहिलोपटक मधेशवादी दल बाहेक अन्य दलका नेताले सहिद शालिकमा माल्यार्पण गरेको देखियो। यो सकारात्मक पक्ष हो। सहिद सबैका मार्गदर्शक हुन्छन्। अब अन्य दलको पनि ध्यान केन्ऽित भएको छ।"

यता जनता समाजवादी पार्टी समर्थक रामु महतो र जनमत पार्टीका बालेश्वर यादवका अनुसार चुनावमा मतदाता रिझाउनकै लागि सहिदलाई माल्यार्पण नगर्ने दलका शीर्ष नेताहरूले निर्वाचनको मुखमा सहिद शालिकमा माल्यार्पण गर्नु मतदाता आकर्षित गर्ने प्रयास मात्र हो। अन्य समयमा सहिदलाई नसम्झिने र चुनावको समयमा मात्र सहिद शालिक सम्झिनुले त्यही अर्थ लाग्ने उनीहरूको भनाइ छ। माघको अन्तिम साता लहान आउनुभएका कांग्रेस नेता गगन कुमार थापाले मधेश आन्दोलनका सहिदहरूको भावना र चाहनाअनुसार देशमा संघीयता, पहिचान र विकासका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै सहिद शालिकमा माल्यार्पण गर्नुभएको थियो।

दुई दिनअघि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले

**–बाँकी अन्तिम पेजमा**

# इजरालय र इरानको यात्रा नगर्न नेपाल सरकारको आह्वान

काठमाडौं, १६ फाल्गुन। नेपाल सरकारले नेपाली नागरिकहरूलाई इजरायल र इरानको यात्रा नगर्न आह्वान गरेको छ। अमेरिका र इजरायलले इरानमा आक्रमण शुरु गरेपछि एडभाइजरी जारी गर्दै परराष्ट्र मन्त्रालयले अवस्था सामान्य नहुँदासम्म इजरायल र इरानको यात्रा नगर्न कडाइका साथ सुझाव दिएको छ। यस्तै परारष्ट्र मन्त्रालयको एडभाइजरीमा मध्यपूर्व क्षेत्रमा विकसित हुँदै गएको अवस्थालाई नजिकबाट अनुगमन गरिरहेको पनि उल्लेख छ। मन्त्रालयले इजरायल र इरानमा बसोबास गरिरहेका नेपाली नागरिकहरूलाई सावधानीका उपायहरू अपनाउन अनुरोध पनि गरेको छ।

यस्तै इजरायलमा रहेको नेपाली राजदूतावासले त्यहाँ बसोबास गरिरहेका नेपाली नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। राजदूतावासले सूचना निकालेर इजरायलमा रहेका नेपाली नागरिकलाई सुरक्षा सम्बन्धी सबै निर्देशन कडाइका साथ पालना गर्न भनेको छ। दूतावासले सकेसम्म घरभित्रै बस्न, सधैं सतर्क रहन, आवश्यक सावधानी अपनाउन तथा आफू बसोबास गरिरहेको क्षेत्रमा रहेका नेपाली समुदायसँग नियमित सम्पर्कमा रहन पनि अनुरोध गरेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

### पुराना प्रतिबद्धताको...

मानवअधिकारकर्मी राजकुमार राउत विश्लेषण भन्छन्, "गाउँमा निर्वाचनको मुखमा मात्र टालटुले काम गरेर मतदातालाई अल्मल्याउने र ग्राभेल हालेर बजेट सकाउने खेल अब चल्दैन। सडक निर्माणमा हुने चरम भ्रष्टाचार र कमिशनतन्त्रले गर्दा नै विकासले गति लिन नसकेको हो। मतदाताले अब पक्की सडकमात्र होइन, त्यो निर्माण प्रक्रियामा पारदर्शिता र भ्रष्टाचारमुक्त स्थानीय प्रशासनको ठोस खाका खोजिरहेका छन्।" राउतका अनुसार सडक निर्माणको गुणस्तरमाथि प्रश्न उठाउनु र प्राविधिक विवरण माग्नुले स्थानीयस्तरमा सुशासनप्रतिको चेतना निकै बढेको छ।

मतदाताको यो रूप देखेपछि पुराना दलका उम्मेदवारहरूले आफूले विगतमा गरेका केही कामको सूची बोकेर हिँड्न थालेका छन्। उनीहरू 'समय अभाव' वा 'प्राविधिक समस्या'का कारण केही काम रोकिएको स्पष्टीकरण दिइरहेका छन्। अर्कातर्फ, नयाँ दलका उम्मेदवारहरूले यी सबै बेथितिको कारक पुराना दल भएको आरोप लगाउँदै आफूलाई विकल्पका रूपमा प्रस्तुत गरिरहेका छन्। नागरिक अगुवा अर्जुन थपलियाले भने, "मतदाता अब 'रैती' बाट 'सचेत नागरिक' मा रूपान्तरण भएका छन्। उनीहरूले जात, धर्म र दलभन्दा माथि उठेर विकास र सुशासनका लागि मतदान गर्ने मनस्थिति बनाएका छन्। यो लोकतन्त्रका लागि सुखद् पक्ष हो।" यसपटकको चुनावमा मतदाताले नेतालाई होइन, नेताले मतदातालाई रिझाउनुपर्ने र हरेक प्रश्नको तर्कपूर्ण उत्तर दिनुपर्ने अवस्थाले चुनावी परिणामलाई थप रोचक र अनुमान गर्न कठिन बनाइदिएको छ।

### निर्वाचन सुरक्षा...

अधिकारी चेतराज बरालका अनुसार जिल्लामा कुल ३ हजार सुरक्षाकर्मी परिचालन गरिएको छ। जसअनुसार नेपाली सेनाका ८ सय, सशस्त्र प्रहरीका ८ सय र नेपाल प्रहरीका १४ सय सुरक्षाकर्मी निर्वाचन सुरक्षामा तैनाथ छन्। सिरहा जिल्लामा चार वटा निर्वाचन क्षेत्र रहेका छन्। यहाँ २२३ मतदान स्थल र ५३१ मतदान केन्द्र निर्धारण गरिएको छ।

यस निर्वाचनमा जिल्लाभर ४ लाख ५३ हजार ६ सय ४५ मतदाता सहभागी हुने निर्वाचन कार्यालयले जनाएको छ। साथै, जिल्लामा कुल १३८ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका छन्। निर्वाचन नजिकिँदै जाँदा सुरक्षा निकायले शंकास्पद गतिविधिमाथि निगरानी बढाएको र मतदातालाई निर्धक्क भएर मतदानमा सहभागी हुन आग्रह गरेको छ।

### जनकपुर...

नियमित रेल सेवा सञ्चालनमा आउने सूचनामा उल्लेख छ। रेल सेवा बन्द रहने अवधिमा यात्रुलाई वैकल्पिक यातायातको व्यवस्था गर्न कम्पनीले अनुरोध गरेको छ।

# टिपरको हाइड्रोलिक उठाउने क्रममा करेन्ट लागेर चालकको मृत्यु

**मणिलाल विश्वकर्मा**



लहान, १६ फाल्गुन। सिरहाको गोलबजार नगरपालिका- २, गुरुधाम जाने बाटोमा टिपरको हाइड्रोलिक उठाउने क्रममा करेन्ट लागेर सवारीधनीसमेत रहेका चालकको मृत्यु भएको छ। गोलबजार- ३ घर भई २ नम्बर वडामा बस्दै आएका सवारीधनीसमेत रहेका करिब ४३ वर्षीय सन्तोष साहलाई गम्भीर घाइते अवस्थामा उद्धार गरी उपचारका लागि स्थानीय हेल्थ केयर अस्पतालमा लगिएको भए पनि चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय गोलबजारका अनुसार मृतक साहको शव पोस्टमार्टमका लागि लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पताल ल्याइएको छ।

गुरुधाम जाने बाटोमा शुक्रबार बिहान करिब पौने ९ बजेतिर प्र.२-०-००१ क ००४५ नम्बरको टिपरको पछिल्लो भाग सफा गर्न हाइड्रोलिक उठाउँदा विद्युतको प्रसारणलाइनलाई छोएपछि करेन्ट लागेर टिपरमा आगलागी भएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार घटनाको विषयमा जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय गोलबजारबाट प्रहरी निरीक्षक सुदन केसीको कमान्डमा खटिएको टोलीले बिहान करिब सवा ९ बजेतिर टिपरमा लागेको आगो नियन्त्रणमा लिइएको छ। गोलबजार प्रहरीबाट करिब तीन किलोमिटर पूर्व-उत्तरमा पर्ने ठाउँमा भएको घटनाको विषयमा थप अनुसन्धान थालिएको छ।

# ट्राफिक नियम उल्लंघन गर्नेमाथि प्रहरीबाट निर्घात कुटपिट

**विनय आजाद**



सिरहा, १६ फाल्गुन। सिरहामा ट्राफिक नियम उल्लंघनको आरोपमा प्रहरीले तीनजनालाई निर्घात कुटपिट गरेको छ। सिरहा-चोर्हवा सडकअन्तर्गत नरहा चोकमा तीन जनालाई लखेटी-लखेटी प्रहरीले कुटपिट गरेको हो। इलाका प्रहरी कार्यालय, नरहाका इन्चार्ज प्रहरी नायब निरीक्षक राजकिशोर साहसहितका प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरीले उनीहरूमाथि कुटपिट गरेका हुन्। कुटिनेमा गोलबजार नगरपालिका-८ चोर्हवाका २४ वर्षीय बैजु मुखिया र अर्का दुई व्यक्ति छन्। कुटिनेमध्येका बैजुका अनुसार, नरहा चोकमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले गरिरहेको संयुक्त जाँचका क्रममा लाइसेन्स भए पनि ब्लु बुक नहुँदा प्रहरीले उनको मोटरसाइकलको साँचो खोसेको थियो। त्यसपछि मोबाइलमा ब्लु बुकको फोटो मोबाइलमा देखाएपछि प्रहरीले उनलाई जान दिएको थियो।

तर, त्यहाँबाट थोरै अगाडि बढेपछि सई साहले आफूलाई रोकेर चार-पाँच थप्पड हानेको बैजुको भनाइ छ। 'मोबाइलमा ब्लु बुक देखाएँ, अनि जरुरी काममा जाँदैछु भनेर आग्रह गर्दा म्यादी प्रहरीले जान भन्यो,' उनले भने, 'तर, दुई वटा तारा भएको र बर्दीमा आरके साह लेखिएको सरले केही बुझ्दै नबुझी मलाई रोकेर थप्पडले हिर्काउनुभयो।' बैजुलाई सई साहले कुटपिट गरेको भए पनि अर्का दुई जनामध्ये एक जनालाई ३-४ जना प्रहरी मिलेर लट्ठी र बुटले निर्मम ढंगले कुटपिट गरिरहेको सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा देख्न सकिन्छ। बैजुलाई सई साहले कुटिरहेकै समयमा अर्को मोटरसाइकलमा तीन जना सवार भएर आइपुगेका थिए।

प्रहरीलाई देखेबित्तिकै सडक छेउमै मोटरसाइकल छाडेर खेततिर भागेका उनीहरूमध्ये एकजना उम्किन सफल भए भने अन्दाजी २१ वर्षीय चालक र बीचमा बसेका ३० वर्षीय अर्का व्यक्तिलाई प्रहरीले लखेट्दै निर्मम कुटपिट गरेका हुन्। जसमा बढी चोटपटक ३० वर्षीय व्यक्तिलाई लागेको बैजुले बताए। बैजुका अनुसार, विवादपछि दुबै मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको थियो। केही समयपछि सई साहले आफ्नो मोबाइलमा आफूहरूसँग 'प्रहरीको गल्ती नभएको, आफ्नै गल्ती भएको' भनी भिडियोमा बोल्न लगाई बल्ल मोटरसाइकल दिएको बैजुले बताए। उनीहरू दुई जनाको विवरण खुल्न नसके पनि सुखीपुरतिरको भएको अनुमान रहेको जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले बताए। निर्वाचन प्रहरी, प्रहरी, सशस्त्र प्रहरीले कुटपिट गरेको देखिए पनि सई साह भने यसमा संलग्न नरहेको दाबी उनले गरे। 'हामीकहाँ यो विषय आएको छ, थप बुझ्दैछौं,' डीएसपी पालले भने, 'सई आफैं संलग्न छैनन् भन्ने कुरा अहिलेसम्म छ, हामीले यसबारे बुझिरहेका छौं।'

### मतदाता रिझाउन ...

मधेश आन्दोलनका सहिदहरू सम्पूर्ण नेपालका सहिद भएको उल्लेख गर्दै तराई-मधेश, पहाड र हिमाललाई जोड्ने गरी देशको समृद्धिका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। सहिदप्रति गरिएको सम्मानलाई सकारात्मक रूपमा लिनुपर्ने लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसका प्राध्यापक कन्हैया भट्टले बताउनुभयो। उहाँले भन्नुभयो, "अन्य दलका नेताहरूले पनि सहिदलाई मार्गदर्शकका रूपमा लिन आवश्यक छ। यसलाई मतदाता रिझाउने कार्यका रूपमा मात्र लिनु हुँदैन।"

### नगद र चाँदीसहित...

नातामा भिनाजु पर्ने गोपाल महतोले गुनासो गरे।लहानस्थित नेमचन्द सारडा एन्ड सन्स सुन चाँदी पसलमा बन्धकबाट छुटाएको ३७ तोला चाँदी र सुन बिक्री गरेको नेपाली पाँच लाख रुपैयाँ तथा भारतीय मुद्रा नौ हजार रुपैयाँ र भारतीय नम्बर प्लेटको मोटरसाइकलसहित साहलाई स्रोत नखुलेको भन्दै पक्राउ गरी सुरक्षा बेस क्याम्प पुऱ्याएको उनले बताए।

'सालोलाई सुरक्षा बेस क्याम्प पुऱ्याएको थाहा पाएपछि मसहित स्थानीय व्यवारी अगुवा तथा आफन्तहरु भेट्न गयौं' उनले भने 'सुरक्षा बेस क्याम्प प्रमुख सशस्त्र प्रहरी नायव उपरीक्षक विजयकुमार चौधरीलाई नगद पाँच लाख रुपैयाँ ल्याएको स्रोतसहित चाँदीको विषयमा सालोसँगै रहेको आधिकारिक कागजात पनि हेयौं, तर छोडेनन्।' पीडितका अर्का आफन्त शम्भु पूर्वेले सुखीपुरबाट पक्राउ गरिएको व्यक्तिको मुचुल्का भने बरियारपट्टी बोर्डर क्षेत्रमा उठाइएको दाबी गरे। बरामद गरिएको नगद र चाँदीको विषयमा स्थनीय स्थतरमै मुचुल्का नगरी बोर्डर क्षेत्रमा पुर्याएर गरिनु नै शंकास्पद रहेको उनले बताए।

पीडित मनोजका आफन्त र स्थानीयले सुरक्षा बेस क्याम्पकै अगाडि शुक्रबार अपरान्ह पत्रकार सम्मेलनमार्फत बरामद गरिएका नगद, चाँदी र मोटरसाइकल फिर्तासहित रिहाइ गरिनु पर्ने अन्यथा कानुनी उपचारका लागि अदालत जाने बताए। उपलब्ध प्रमाणका आधारमा निष्पक्ष छानबिन गरी जबर्जस्ती गर्ने प्रहरी विरुद्ध कारबाही गरिनु पर्ने उनीहरुको माग छ।

**कहाँबाट आयो नगद र चाँदी ?**

सीमावर्ती गाउँ हुनुका साथै सुखीपुरमा आ नी दिदीको विवाह भएकाले मनोजको सुखीपुर, लहान क्षेत्रमा प्रायः आवतजावत हुने गरेको आफन्त बताउँछन्। 'करिब तीन वर्षअघि सालो मनोजको विवाह हुँदा सासु दुलारीदेवीको करिब दुई तोला सुन र ५७ तोला चाँदीको गहना मेरा बाबु रामप्रकाश साह सुँडीले लहानमा बन्धक राखेर केही रकम निकालि दिनु भएको थियो' भिनाजु गोपालले सुनाए।

'क्यान्सर पीडित ससुरा उमेदलाल साह सुँडीको तीन महिनाअघि निधन भएपछि सालोलाई थप आर्थिक भार परेको थियो' उनले भने 'ससुराको उपचारसँगै काजकिरियामा लागेको ऋण तिर्न नसकेपछि बन्धकमै राखेको सुन बिक्री र चाँदी निकालेर घर फर्किँदै थिए' उनले भने 'सशस्त्र प्रहरीले स्रोत नखुलेको भन्दै जबर्जस्ती गर्यो।'

**सक्कल कागजात ल्याए फिर्ता हुन्छ : सशस्त्र प्रहरी**

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वाटर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले निर्वाचन लक्षित चेक जाँचको क्रममा भारतीय नागरिकलाई मोटरसाइकल, नगद र चाँदीसहित नियन्त्रणमा लिइएको बताए। 'चेकजाँचका लागि मोटरसाइकल रोक्न खोज्दा भाग्न खोजेको भन्ने रिपोर्ट छ' उनले भने 'तथापि उनलाई रोकेर नियन्त्रणमा लिई शरीर खानतलासी गर्दा कम्मरमा लुकाएको नगद पाँच लाख र चाँदी बरामद भएको हो।' तत्काल नगद ल्याएको स्रोत र चाँदी सम्बन्धी कागजात देखाउन नसकेको दावी गर्दै उनले त्यसपछि माडर भन्सारमा बुझाएको बताए। 'माडर ल्याएपछि नगदको स्रोत र चाँदी सम्बन्धी सक्कल कागजात ल्याएको भन्ने सुनेको छु' उनले भने 'भन्सारमा सक्कल कागजात बुझाएपछि प्रकृया पुर्याएर बरामद गरिएको नगदसहित चाँदी फर्ता हुन्छ।'

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक : राम बाबु यादव, सम्पादक : कमलेश कुमार यादव, सह-सम्पादक : सत्य नारायण चौधरी, कानुनी सल्लाहाकार: कृष्ण प्रसाद ढंगाल कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)